भूकम्प सुरक्षा दिवस २०६८
Earhquake Safety Day 2012

# कम्पन र स्पन्दन

## एक सृजनशील यात्रा

## Shocks and Reverberations

A Creative Journey









## Paintings and Poetry




सृजनशील यात्राका सहभागीहरु
नगरकोट, २०६७ माघ ५

# कम्पन र स्पन्दन
## एक सृजनशील यात्रा

# Shocks and Reverberations
## A Creative Journey

---

## Paintings and Poetry

कार्यक्रम संयोजन
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
(भूकम्प सुरक्षा दिवस राष्ट्रिय कार्यक्रम अन्तर्गत)

ग्राफिक्स तथा कला
चन्दन ध्वज राना मगर

प्रथम संस्करण: २०६८
१००० प्रति

सर्वाधिकार भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

---

प्रकाशन श्रृङ्खला - **NSET-037-2012**

संयोजन
NSET
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

सहयोगी संस्थाहरु
Nepal Red Cross Society
Oxfam
actionaid
USAID
FROM THE AMERICAN PEOPLE

भूकम्प सुरक्षा दिवस २०६८
**Earhquake Safety Day 2012**

# कम्पन र स्पन्दन

## एक सृजनशील यात्रा

## Shocks and Reverberations

**A Creative Journey**



कथाको नायक अहिले अर्कै परिस्थितिमा
छ । उसको उमेर जति माने पनि छुट
छ । किशोर हो यति हेक्का राख्नु पर्ने हुन्छ .....



पुरा बस्ती चारैतिर अस्तव्यस्त भएर
धुम्मिएको थियो । .....

नगरकोटको जाडोमा गीरवताको गीत पछि
शरीर लस्त भयो निदाउन खोजें .....



यो दुई दिनको कम्पनले ल्याएको जो स्पन्दन छ,
यस्ता प्राकृतिक विध्वंसहरूबाट बच्ने भौतिक प्रयत्नहरूका
बावजुद पनि सृजनशील कोशिस र प्रयास निश्चित रूपमा
बढि सार्थक हुनसक्छ भन्ने .......



ए ! भुईँचालाहरू !
पाईंदैन
ध्वस्त पार्न
यति सुन्दर शहरलाई .....





सम्झन चाहन्नँ
तर बिर्सन पनि सक्दिनँ
अहिले म छु तपाईंसँग .....

गोधुली भरिएको साँझमा
पुराना मन्दिर छेउ बलिरहने मधुर उज्यालोको हारमा
मात्रै तिमीलाई सम्झिएँ भने
यो शहरको सबभन्दा सुखी मान्छे हुनेछु म .....

...ई १९९०को भुईँचालो जाँदा प्रख्यात शिवपुरी
...मा ललितपुरको गोदावरी क्षेत्रमा एउटा
...ग्रोमा चेलासंग कुरा गर्दै रहेछन् .....

उभिएको छु म
भुईँचालो पछि
आफ्नै ठाउँमा .....

महलहरू त कति भत्किए भत्किए
चित्त बुझ्नेइयो, सपनै त हो नि भनेर .....







कूची चलाउनेहरू
रङ्ग पोत्दैछन्, क्यानभासहरूमा
कविता कोर्नेहरू
शब्द संयोजन गर्दैछन् कापीहरूमा .....

आजकाल म तिम्रो सामीप्यमा
एउटै किताबको पुन: संस्करण जस्तो .....

आयो ! आयो ! भुईँचालो
घर जमिन हल्लायो
मन सबको डरायो .....

साँघुरा गल्लीहरूका छेउमा ठडिएका घरहरू
कुनै अग्ला, कुनै होचा, कुनै पुरातन त कुनै आधुनिक .....

## Paintings and Poetry

# प्राक्कथन

भूकम्पीय सुरक्षाको सन्देशलाई नेपाली जनसमुदायमा गहन र व्यापक ढङ्गले पुऱ्याउने र नेपाली समुदायलाई भूकम्पीय दृष्टिले सुरक्षित बनाउने राष्ट्रव्यापी सामूहिक अभियानमा सृजनशील व्यक्तित्वहरुको महत्वपूर्ण भूमिका रहने तथ्यलाई आत्मसात गरी चौधौं भूकम्प सुरक्षा दिवस - २०६८, राष्ट्रिय कार्यक्रम अन्तर्गत एउटा थप गतिविधि तय गरिएको थियो: "कम्पन र स्पन्दन : एक सृजनशील यात्रा" (Shocks and Reverberations: A creative Journey)

प्रारम्भिक चरणमा मुलुकका प्रभावशाली मूर्धन्य साहित्यकार, कलाकार र संचारकर्मीहरु मध्येबाट केही व्यक्तित्वहरुलाई आमन्त्रण गरी भूकम्पीय सुरक्षा र विपद् जोखिम न्यूनीकरण क्षेत्रका विज्ञहरु समेतलाई समावेश गरी चिन्तन, अनुभूति र सृजनाको अपूर्व सम्मिलन गराउनु नै यस यात्रा संयोजनको उद्देश्य रहेको थियो। यो कार्यक्रम मार्फत यौटा ऐतिहासिक यात्रा समन्वय गर्नुका साथै आगामि दिनमा प्रकोप जोखिम न्यूनीकरणका लागि थप गन्तव्यहरु, थप यात्रापथहरु एवं थप सहयात्राको पहिचान गर्ने अभिलाषा राखिएको थियो।

"कम्पन र स्पन्दन : एक सृजनशील यात्रा" वास्तवमा एक व्यापक अभियानभित्रको एउटा अर्को सरित प्रवाह हो जसले भूकम्पीय जोखिमको उच्च सम्मुखतामा रहेका नेपाली समुदायलाई भूकम्पका प्रतिकूल असरहरुसँग जुझ्नका निम्ति पर्याप्त क्षमता अभिवृद्धि गर्ने दिशामा सृजनशील स्पन्दन मार्फत थप हौसला, तागत र मार्गनिर्देश प्रदान गर्न मद्दत गर्नेछ। र, सानिध्यताको त्यो कम्पन र त्यसले उत्पन्न गर्ने झङकार, अनुनाद वा स्पन्दनको स्वरुप सृजनशील हुनेछ र दीर्घकालीनरुपमा समुदायलाई सक्षम बनाउने तर्फको हुनेछ भन्ने विश्वास अन्तर्निहित थियो। भूकम्पीय जोखिमका दृष्टिले हामी अत्यन्त कहालीलाग्दो अवस्थामा छौं - भौगोलिक कारणले, सामाजिक-आर्थिक कारणले र राजनैतिक कारणले समेत। वास्तवमा आवश्यकता छ हामी भित्र जागरणको, प्रतिबद्धताको र सुझबुझपूर्ण व्यवहारको र जति हामी संभावित जोखिमको विषयमा संवेदनशील रहेर काम गर्नेछौं, जति हामी भित्रको क्रियाशीलता प्रष्फुटित हुन सक्नेछ, जति हामी हाम्रा सोचहरुलाई प्रयत्नमा र व्यवहारिकतामा अनुवाद गर्न सक्नेछौं, त्यति नै हाम्रा सामु अपेक्षित परिणामहरु बलिया बनेर उपस्थित हुनेछन्।

अभियानको यो संस्करणमा सर्जकहरुले कम्पन वा भुइँचालोको सन्निकट समयछेउ उभिएर त्यसका संभावित क्रूर प्रहारहरुलाई अनुभूत गर्नुभएको छ र ती प्रहारहरुलाई अनुभूत गर्दा उत्पन्न हुने सिर्जनात्मक गुञ्जन र थर्कनहरु अझ भनौं आफूभित्र सल्बलाउने एक खालको सघन अनुनादको आकार निर्माण गर्ने प्रयत्न गर्नुभएकोछ। हामीलाई पूरा विश्वास छ, यसरी निर्माण भएका आकार र आकारहरुले एक अभियानको रुपमा, एक सचेतन प्रकाशपुञ्जको रुपमा नेपाली घर-घर र जन-जनका मन-मनमा प्रवेश गर्ने बलियो सामर्थ्य राख्नेछन्, अर्थपूर्ण फैलावट फैलनेछन्, सार्थक विस्तार विस्तारित हुनेछन् र जोखिम न्यूनीकरणको संश्लिष्ट आकारमा, पूर्वतयारीको संश्लिष्ट आकारमा अथवा आपद्कालिन योजनाका संश्लिष्ट आकारमा वा भनौं समग्र विपद् जोखिम व्यवस्थापनको दरिलो आकारमा त्यो स्पन्दन, त्यो घन्काइ विकसित हुनेछ, स्थापित हुनेछ।

र, यो प्रयत्नले, यो अभियानले नेपाली समुदायलाई सुरक्षित बनाउने दिशामा महत्वपूर्ण योगदान दिनेछ।

यस संग्रहमा संग्रहीत सृजनाहरु वरिष्ठ सृजनकर्मी साहित्यकार, कलाकार, पत्रकारहरु तथा विपद् जोखिमका क्षेत्रमा कार्यरत व्यक्तित्वहरु एवं युवा स्रष्टाहरुले गत वर्ष २०६७ माघ ४-५ गते नगरकोटमा सम्पन्न "कम्पन र स्पन्दन : एक सृजनशील यात्रा" को प्रथम चरण र यस वर्ष २०६८ पौष ९ गते भैंसेपाटीमा सम्पन्न दोस्रो चरणमा गरेको सृजनकार्यका साक्ष्य समय हुन्। अथवा उक्त सृजनशील यात्राको सम्पादन नगरिएका दृश्यहरुको सिधा प्रसारण भन्दा पनि हुन्छ - यो सँगालो। तेह्रौं भूकम्प सुरक्षा दिवसको अवसरमा प्रारम्भ भएको यो अभियान अहिले आएर चौधौं भूकम्प सुरक्षा दिवस-२०६८ को सन्दर्भ पारेर यसरी यो रुपमा प्रस्तुत भएको छ, साथै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा २०६८ माघ ६-१४ सम्म आयोजना हुने वृहत कला प्रदर्शनीका माध्यमबाट यो प्रयासलाई अझ फराकिलो दायरामा पुऱ्याउने प्रयत्न समेत भएको छ।

आफ्ना अत्यन्त ओजपूर्ण र गुरुत्वशील उपस्थितिका माध्यमबाट यस सृजनात्मक अभियानको प्रयत्नलाई स्नेह, प्रेरणा र हौसला प्रदान गर्नुहुने नेपाली भाषा, साहित्य र कला चिन्तन एवं सृजनशीलताका शिखर व्यक्तित्वहरु श्रद्धेय तुलसी दिवस, डा. ध्रुवचन्द्र गौतम, किरण मानन्धर, मञ्जुल लगायत नेपाल प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञज्यूहरु एवं सहभागी सम्पूर्ण स्रष्टाहरु, पत्रकारहरु तथा विपद् जोखिम व्यवस्थापनमा संलग्न पेशाकर्मीमा हार्दिक आभार समर्पण गर्न चाहान्छौं। यसका साथै यस्तो सृजनशील यात्रा संयोजनमा सघाउनुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु प्रति कृतज्ञता ज्ञापन गर्दछौं।

# सृजनाक्रम

## भाग १: गद्य खण्ड


| | |
|---|---|
| तुलसी दिवस | ८ |
| डा. ध्रुवचन्द्र गौतम | १० |
| कृष्णमुरारी भण्डारी | ११ |
| किशोर पहाडी | १२ |


## भाग २: कला खण्ड


| | |
|---|---|
| किरण मानन्धर | १६ |
| विजय थापा | १८ |
| कृष्ण मानन्धर | २० |
| के. के. कर्माचार्य | २२ |
| कर्ण प्रसाद मास्के | २४ |
| शान्त कुमार राई | २६ |
| रविन कोइराला | २८ |
| सम्झना राजभण्डारी | ३० |
| चन्दन ध्वज राना मगर | ३२ |


## भाग ३: कविता खण्ड


| | |
|---|---|
| मञ्जुल | ३६ |
| डा. बेन्जु शर्मा | ३८ |
| विमल निभा | ४० |
| शरच्चन्द्र वस्ती | ४१ |
| सुस्मिता नेपाल | ४२ |
| नारायण श्रेष्ठ | ४३ |
| कर्ण प्रसाद मास्के | ४४ |
| विश्वमणि पोखरेल | ४५ |
| आमोद मणि दीक्षित | ४६ |
| श्रीरामसिंह बस्नेत | ४८ |
| रामेश्वर दंगाल | ४९ |
| विजयकृष्ण उपाध्याय | ५० |
| खड्ग सेन ओली | ५२ |





सृजनशील यात्राको पहिलो चरण
नगरकोट, २०६७ माघ ५



सृजनशील यात्राको दोस्रो चरण
एनसेट कार्यालय, भैंसेपाटी, २०६८ पौष ९









## कम्पन र स्पन्दन
एक सृजनशील यात्रा

## Shocks and Reverberations
A Creative Journey

# गद्य सृजनाका यात्रीहरू


*तुलसी दिवस*

*डा. ध्रुवचन्द्र गौतम*

*कृष्णमुरारी भण्डारी*

*किशोर पहाडी*

# भुइँचालो हिस्स परेको अनुभूति

यो दुई दिनको कम्पनले ल्याएको जो स्पन्दन छ, यस्ता प्राकृतिक विध्वंशहरूबाट बच्ने भौतिक प्रयत्नहरूका बावजुद पनि सृजनशील कोशिस र प्रयास निश्चित रूपमा बढी सार्थक हुनसक्छ भन्ने प्रमाण आजका कविता, छोटा कथा, अनि चित्रहरूले प्रमाणित गरेको र आफूलाई साक्षीको रूपमा देखाइरहेको कुरा मैले अनुभव गरेँ । यथार्थमा मान्छेको सबै भन्दा ठूलो पक्ष उसको सृजनशील व्यक्तित्व र सृजनशीलता हो । भूकम्पको प्रकोपबाट बच्नको निमित्त सृजनशीलताको पनि प्रयोग त्यति नै आवश्यक रहेको प्रमाणित भएको आजको यो स्थिति म अनुभव गरिरहेको छु ।

मलाई एउटा रमाईलो के लाग्यो भने हामी कवि, लेखकहरू शब्दसित नाता जोड्ने तर चित्रकारहरूले, आज के भने आ आफ्नो चित्रको केही न केही विश्लेषण र व्याख्या गर्ने पहिलो पल्ट मैले चाहिँ अनुभव गरेको छु । नभए प्रायः जसो चित्रकारहरूको व्याख्या आफैले चित्रकारहरूले कम गरेको तर चित्रकार प्रदर्शनी बढी गरेको देखेको छु । मलाई लाग्यो– भूकम्पले चित्रकारहरूलाई केही नभनिकन चुप लागेर बस्न दिएन । र, उनीहरूको सृजनशील व्यक्तित्वलाई प्रस्तुत गर्नको निमित्त र सृजनशील व्यक्तित्वले अनुभव गरेको त्यो संवेदना र सूक्ष्म अनुभूतिलाई आफ्नो चित्रको माध्यमद्वारा व्यक्त हुन लगायो, चाहे त्यो सेमि एवस्ट्राक, फिगरेटीभ सेमि फिगरेटीभ अथवा यी सबै जति पनि छन् ।

मलाई एउटा के लाग्यो भने हरेक चित्रकार चाहिँ अलग रहेको आफ्नो व्यक्तित्व, आफ्नोपनसँगै बसेर चित्र कोरिरहेका छन, तर सबै अलग अलग प्रकारको चित्र यहाँ देखियो, कसैको चित्र कोहीसँग मिलेको अत्यन्त कम भयो । त्यो देखेपछि मलाई के लाग्यो साँच्चि नै सृजनशीलताले निजत्व लिएर, व्यक्तित्व लिएर देखा परेको स्थिति यो आजको हो भन्ने अनुभव भएको छ । त्यस अर्थमा कविताहरू पनि मलाई इर्ष्या लागिरहेको छ–एक दुई जना कविहरू देखेर, जता गएपनि उनका नाम, जता गए पनि उनका छाप ! त्यो इर्ष्या चाहिँ मेरो सकारात्मक छ । त्यो नकारात्मक होइन । त्यो सकारात्मक इर्ष्या यस अर्थमा कतै म चाहिँ मंगेला हुन लागेको होइन भन्ने पीडा म भित्र जागि राखेको छ । तर मैले पनि सोचिरहेको छु । मैले पनि देखिरहेको छु । मेरो कवितामा चाहिँ भुइँचालो नजिक आईपुग्दा खेरि पनि आफै हिस्स परेर फर्केर गएको छ । कसैलाई लिएर जाने सामर्थ्य उसले देखाउँदैन, ऊ आफै लाज मानेर फर्केर जान्छ ।

अघि हामीले यहाँ जो सकारात्मक र नकारात्मक पक्षहरूको चित्रण गरिसक्यौं । तयारी कति छौं ? भूकम्पले पनि केही नगरिकन आफै फर्केर जानुपर्ने स्थितिमा पुर्‍याउने स्थिति हामीले, सृजनशील व्यक्तिहरूले आफ्नो सृजनशील प्रतिभाको प्रदर्शनबाट गर्न सक्ने क्षमता विकसित गर्न सकिंदो रहेछ भन्ने कुराको अनुभूत म

*गरिरहेको छु । र अनि पत्रकार मित्रहरू, उनीहरू कविता सुनिसकेपछि ती समाचार मात्रै लेख्दैनन्, समाचारमा मान्छेको पीडा र दुःख पनि मिसिएर लेख्ने रहेछन् भन्ने कुरा प्रमाणित भएको छ । र, तिनले केवल २४ घण्टामा मर्ने समाचार मात्र लेखेनन्, हजारौ वर्ष बाँच्ने कविता पनि लेखे । त्यस अर्थमा मलाई के लाग्यो भने जति पनि मान्छे छन यहाँ सबै कवि हुन्, अथवा सबै स्रष्टा हुन,सबै चित्रकार हुन । सबैले आ आफ्ना ढंगले आफ्नो सृजनशील प्रतिभा र व्यक्तित्वलाई प्रदर्शन गरेर यो जो अभियान छ- भूकम्पबाट बच्ने र बचाउने, भूकम्पलाई परास्त गर्ने जुन अभियान छ, त्यो अभियानलाई अझ सार्थक र सबल तुल्याएर कन्दराहरूमा, गाउँघरमा त्यो चेतना तरंगित गराएर पुऱ्याउने प्रयत्नको जति प्रशंसा गरे पनि कम हुन्छ, मलाई अनुभव भएको छ । र, त्यसमा सामेल हुन पाएकोमा पनि उहाँहरूलाई नै वढी श्रेय दिनुपर्ने स्थिति प्रष्ट छ । साँस्कृतिक कार्यक्रम पनि गऱ्यौं, हिजो भयो, नाचगान पनि भयो, मलाई त लाग्यो यो सृजनशील यात्रा हो । यसो हेर्दै जाँदा सबै हिसाबले यो कार्यक्रम पूर्ण भएको छ ।*

(मन्तव्यमा आधारित)
नगरकोट, भक्तपुर
२०६७ माघ ५



सृजनशील यात्रीहरु तुलसी दिवस र कृष्णमुरारी भण्डारी भलाकुसारीमा
नगरकोट, २०६७ माघ ५

**तुलसी दिवस**

वरिष्ठ कवि/संस्कृतिविद

चाकुपाट, पाटन
मोबाइल: ९८४१२७६८०६



# परास्त

कथाको नायक अहिले अर्कै परिस्थितिमा छ । उसको उमेर जति माने पनि छुट छ । किशोर हो यति हेक्का राख्नु पर्ने हुन्छ ।

परिस्थिति हेरौं पहिले । उसको चारैतिर घरहरू भत्केर निर्माण सामग्रीको थुप्रोमा परिणत भएका छन् । निर्माण सामग्री आफै ध्वस्त भएर उद्धारको प्रतिक्षामा छ । ठाउँठाउँमा मानिस शव बनेर छरिएका देखिन्थे । एउटा युद्ध पछिको दृश्य झैं ।

त यो नायक अरूसित लागेर उद्धार कार्यमा जुटेको थियो । उसको अनुहारमा उत्तेजना वा विवाद वा शोकको भाव थिएन । एकदम उत्साहित देखिन्थ्यो । अनुहारमा उद्धारकको बीच भाव छल्किरहेको थियो । ढुङ्गा माटो पल्टाउँदै । खोस्रँदै हेर्दथ्यो कोही थिचिएको त छैन ? कुनै बालक वा बालिका वा बृद्धा भेटिन्थे । नसक्ने ठाउँमा ऊ वरपरका अन्य मानिस सित गुहार माग्दथ्यो ।

एक प्रकारले नायक असामान्य उत्साहमा काम गरिरहेको थियो । उसले कतिजनालाई जीवित निकालेको थियो । मानिसले सराहना गरे यति काँचो उमेरको किशोरले कति उत्साह देखाएको ? प्रश्न पनि उब्जाए किन देखाएको ? त्यसलाई बोलाएर सोधियो बाबु तिमी किन यसरी खटिरहेका छौ ।

उसले उत्तर दियो मेरी आमा र बहिनी यहीँ पुरिएका थिए । ती त बाँचेनन् । बाँच्न सक्नेलाई बचाउँ भन्ने लाग्यो ।

मनोवैज्ञानिकलाई सोधियो यो यस्तो असामान्य किसिमले केका लागि खट्यो ? यसका त आमा र बहिनी पनि सखाप भएका रहेछन ?

मनोवैज्ञानिकले भन्यो- त्यसै कारणले खट्यो, आफ्नी आमा र बहिनीको मृत्युको बदला अरू अरूलाई बचाएर लिदैंछ । भूकम्प सितको उसको युद्ध हो यो । यसले आफूले भूकम्पलाई परास्त गरेको भाव उसको अवचेतनमा आएको छ, यस्तो कहिलेकाहीँ हुन्छ ।

नायक सित सोधियो तिम्रा आफ्ना सखाप भए, अब अर्काका लागि किन यति उत्साही भएको ?

केटाले जवाफ दियो- भूकम्प जाँदा बाहिर मात्र जाँदैन, भित्र पनि जान्छ । दुवै भूकम्पसित लडनलाई काम गर्दैछु । म भूकम्पलाई परास्त गर्न चाहन्छु अनि यसलाई अहिले परास्त गर्नुपर्छ ।

तरीका उचित लाग्यो म आफ्नो उमेर भन्दा बढी मान्छेको उद्धार गरूँ ।

**डा. ध्रुवचन्द्र गौतम**
वरिष्ठ आख्यानकार

चुन्देवी, का.म.न.पा. ४
फोन नं.: ४७२०९७५, मोबाइल: ९८४१४०८३२२



# भुइँचालोको चर्चा

वि.सं १९९०को भुइँचालो जाँदा प्रख्यात शिवपुरी बाबा ललितपुरको गोदावरी क्षेत्रमा एउटा छाप्रोमा चेलासँग कुरा गर्दै रहेछन् । उनले भूकम्पका ठूलठूला धक्का महसूस गरेपछि भनेछन्, बाबु भुइँचालो गैरहेछ, बाहिर निस्कौं । उनीहरू निस्किए, खरको छानो अड्याएको एउटा बाँसको दलिन झरेछ । ननिस्किएको भए बाबा र उनका चेलालाई लाग्न सक्ने रहेछ । बस्, शिवपुरी बाबा निम्ति त्यो महाभूकम्पको प्रभाव त्यति नै थियो । तर शहरमा भने त्यो महाप्रलय बनेर देखापर्‍यो । कारण ? काठमाडौं उपत्यकामा दरवार, ठूलाठूला घर र सानै भए पनि तर मालसामान थुपारिएका किसानका घरहरू भत्किए । तिनले थिचेर हजारौं हजारको ज्यान गयो । करोडौंको धनमाल नाश भयो ।


अहिले त्यस्तै र त्यत्रै भूइचालो गयो भने के होला ? सवाल मात्रले पनि आङ जिरिंग हुन्छ । राजधानी काठमाण्डौं मात्र होइन, देशका उदाउदा शहर–बजार र सदरमुकामको हाल बेहाल हुनेछ । भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपालका महासचिब एवं कार्यकारी निर्देशक आमोदमणि दीक्षितले दशवर्षजति अघि आफू र आफ्नो संस्थाले गरेको अध्ययनको प्रतिवेदन सार्वजनिक गर्दै डरलाग्दो चित्र प्रस्तुत गरेका थिए । भूकम्पको जोखिमबारे देशव्यापी रूपमा काम गरिरहेको त्यो संस्थाको प्रतिवेदन सुनेर धेरैले ओठ लेब्राएका र थोरै भने निकै संवेदनशील बनेका थिए । नब्बे सालको जत्रो भुइँचालो अहिले गयो भने ७७ प्रतिशत स्कूलहरू भत्कने र लगभग ५० हजार विद्यार्थी स्कूलमै पुरिएर मर्ने अनुमान उतिवेला गरिएको थियो ।

यसलाई बुद्धिजीविहरूले आतंक फैलाउने तथ्यांक सम्म भने । तर पोहोर साल हाइटीमा गएको भुइँचालोसँग तुलना गर्ने हो भने विशेषज्ञहरू भन्छन्– हाइटीमा ४० सेकेण्डमा अढाइ लाख मानिस मरे जबकि काठमाण्डौं उपत्यका हाइटीभन्दा धेरै जनघनत्व र कमजोर र अबैज्ञनिक संरचनाहरू भएको शहर हो ।

अरू त अरू भैगए, अस्पताल, नर्सिङहोमहरूको अवस्था हामी कहाँ गएगुज्रिएको छ । घाइते उपचार गर्न लैजाने अधिकांश ती ठाउँ बिरामी पुग्नु अघि नै भग्नावशेष हुने विशेषज्ञहरू वताउछन् । अनि पाल–टहरा कहाँ टाँग्ने ? शहरमा खुल्ला चौर, बगैंचा, नदी किनारा कही कतै बाँकी छैन, प्राय मासिइसक्यो । नब्बेसालमा काठमाडौंको जनसंख्या २–३ लाख पनि थिएन जबकि अहिले ३० लाख नाघिसकेको छ । यहाँ कति लाख मानिस भुइँचालोले गर्दा घरबारवीहिन बन्लान ? १५ लाख, २० लाख ? तिनले खाने, पिउने, बास पाउने कहाँ ? किनकि सडक, पुल, खानेपानी, बिजुली, टेलिफोन प्रणाली प्राय ध्वस्त हुनेछन् । पुरिएका लाशहरू झिक्ने कसरी ? कुहिएका लाशहरूबाट फैलने रोग–ब्याधिबाट बच्ने कसरी ? सोमबार (२०६८ असोज १) भुइँचालो जाँदाजाँदै एकछिन बन्द भएको टेलिफोन–मोबाइलले मानिसलाई थप आलसतालस बनायो भने ठूलो भूइचालोपछि हप्तौ–महिनौंसम्म टेलिफोन, पानी, उपचार, खाद्यान्नविहीन भएर मानिस कसरी बस्छन् होला ? लुटपाट कति चल्ला ?

("भुइँचालो नेपालको, चर्चा पनि नेपालकै" बाट साभार)

**कृष्णमुरारी भण्डारी**
स्तम्भकार
मोबाइल: ९८४१२७७५९६
इमेल: bhandarykm@yahoo.com



# अवशेष वस्ती

पूरा वस्ती चारैतिर अस्तव्यस्त भएर थुप्रिएको थियो । निलो हाफ ज्याकेट लगाएका केही मान्छेहरू त्यो अवशेष वस्तीमा छिरेका थिए । चारैतिर शुन्यता थियो । कोलाहलपूर्ण भूकम्पपछिको शून्यता ।

निलो ज्याकेट लगाएका मान्छेहरू त्यो भूकम्पले आक्रान्त वस्तीमा शान्त मुद्रामा थिए । वस्तीका अरुहरू आत्तिएर आतंकित मुद्रामा उनीहरूलाई हेरिरहेका थिए । उनीहरूको अनुहारमा अस्तिको भुइँचालोले छाडेर गएको आतंक बाँकी नै थियो ।

भेट भई त्यो वस्तीमा एक सुन्दर बालिका । करीव ८-१० बर्षकी त्यो बालिका सबैभन्दा अलि पर आफ्नो घुँडामा निधार अड्याई गुँडुल्किएर बसिरहेकी थिई । निलो ज्याकेट लगाएका अगाडिको व्यक्तिको आँखा त्यो बालिकामा पऱ्यो ।

ऊ सरासर त्यो बालिकासम्म पुग्यो तर त्यो बालिकाले उसलाई हेर्दा पनि हेरिन । व्यक्तिले उसलाई सोध्यो- नानी, तिम्रो नाम के हो ?

त्यो बालिका चल्मलाउन समेत पनि चल्मलाइन ।

तिमी किन यहाँ बसिरहेको ? तर पनि त्यो बालिका बोलिन । भन न नानी , तिमी किन बोल्दिनौ ? तर पनि त्यो बालिका चूपचाप थिई । तिमीलाई केही चाहियो ? बिस्कुट ? चकलेट..........? के चाहियो भन न । अब त्यो बालिकाले मुन्टो अलिकति उठाई । ट्वाल्ल त्यो व्यक्तिलाई हेरी ।

उसको आँखा आँसुले लथपथ थियो । भन न के चाहियो तिमीलाई ?

बल्ल त्यो बालिका बोली - मलाई ? अंकल, मलाई मेरी आमा चाहियो । उहाँ मलाई खाजा बनाउँदै गर्दा यहीँ मुनि भुइँचालोले पुरिनु भएको छ ।

२०६७/१०/५
विहान १०: ३० बजे

**किशोर पहाडी**

साहित्यकार/नाट्यकर्मी



एकान्तबास, अफलडोल, ललितपुर-१४
मोबाइल: ९८४१२२९७९६
इमेल: kishorepahadi@hotmail.com

# यात्राका खुड्किलाहरू



यात्राको प्रारम्भ गर्दै सृजनशील यात्रीहरु
एनसेट कार्यालय, भैंसेपाटी, २०६७ माघ ४



भूकम्प अनुभूत गर्दै
श्री बैठक कक्ष, एनसेट कार्यालय, भैंसेपाटी, २०६७ माघ ४



शहरमा भूकम्पीय जोखिम अनुभूत गर्दै
जमलदेखि बसन्तपुरसम्मको यात्रा, २०६७ माघ ४




भूकम्पको मानसिक स्पर्श
कम्पन मञ्च प्रदर्शनी, बसन्तपुर, २०६७ माघ ४









# कम्पन र स्पन्दन

एक सृजनशील यात्रा

## Shocks and Reverberations

A Creative Journey



# कला सृजनाका यात्रीहरू









*किरण मानन्धर*

*विजय थापा*

*कृष्ण मानन्धर*

*के. के. कर्माचार्य*

*कर्ण प्रसाद मास्के*

*शान्त कुमार राई*

*रविन कोइराला*

*सम्झना राजभण्डारी*

*चन्दन ध्वज राना मगर*










**किरण मानन्धर**

कुलपति
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिता भवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोवाइल: ९८५१०६११०९
इमेल: kirannafa@gmail.com







## विजय थापा




सदस्य, प्रज्ञासभा
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिता भवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोबाइल: ९८५१०४१८८६







## कृष्ण मानन्धर

क्याम्पस प्रमुख
सृजना कलेज अफ फाइन आर्टस्

उत्तर गेट, लाजिम्पाट, काठमाडौं
मोवाइल: ९८५१०६३९५८











## के. के. कर्माचार्य



सदस्य सचिव
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिताभवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोबाइल: ९८५११२००३६/९८४१३०६१९५
इमेल: kkk@ntc.net.np









## कर्ण प्रसाद मास्के



प्राज्ञ
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिताभवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोवाइल: ९८५१०६११०९


Shanta K. Rai
2011







## शान्त कुमार राई

प्राज्ञ
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिताभवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोबाइल: ९८४१४३३४२३
इमेल: santabalali@live.com







## रबिन कोइराला



प्राज्ञ
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिताभवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४१४०८२, मोबाइल: ९८५१०२०८३२
इमेल: rabinkoirala265@hotmail.com







## सम्झना राजभण्डारी




कलाकार/फ्रिलेन्सर

काठमाडौं
फोन नं.: ४३५०८३६, मोवाइल: ९८५१०६१९६८
इमेल: samjhana_rb@hotmail.com








## चन्दन ध्वज राना मगर



कलाकार / वेब तथा ग्राफिक डिजाइनर
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (ऐनसेट)

सैंवु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: cranamagar@nset.org.np; chandan.rana@gmail.com, वेब साइट: www.nset.org.np




के कस्ता प्रयत्नहरु भएका रहेछन् त !
भूकम्प सुरक्षा प्रदर्शनी, बसन्तपुर, २०६७ माघ ४



सृजनशील मनहरुको मधुर-मिलन
नगरकोट, २०६७ माघ ४









## कम्पन र स्पन्दन

एक सृजनशील यात्रा

## Shocks and Reverberations

A Creative Journey

# काव्य सृजनाका यात्रीहरू








मञ्जुल

डा. बेन्जु शर्मा

विमल निभा

शरच्चन्द्र वस्ती

सुस्मिता नेपाल

नारायण श्रेष्ठ

कर्ण प्रसाद मास्के

विश्वमणि पोखरेल

आमोद मणि दीक्षित

श्रीरामसिंह बस्नेत

रामेश्वर दंगाल

विजयकृष्ण उपाध्याय

खड्ग सेन ओली

## भन्दे – भुइँचालोपछि

## पाँचेकी केटी

सम्झन चाहन्नँ
तर बिर्सन पनि सक्दिनँ

अहिले म छु तपाईंसँग
मेरो मुस्कान छ तपाईंको मुस्कानसँग
मेरो सपना छ तपाईंको सपनासँग
मेरा पाखुरीहरु छन् तपाईंका पाखुरीहरुसँग

बाँचिरहेको जीवन म
अझ बढी उत्साहले बाँच्न चाहन्छु
बिना गुनासो बिना पश्चाताप

हाँसीहाँसी म उफ्रन चाहन्छु – मृगशावकझैँ,
हुरीको पातझैँ
म मुस्कुराउन चाहन्छु
शारदीय पूर्णिमाको जूनझै, हिमालमा परेको
छटाझैँ

सम्झन चाहँ
तर बिर्सन पनि सक्दिनँ

म उठेँ घाउबाट
म उठेँ आँसुबाट
पीडाबाट, कम्पन र भयबाट
म उठेँ विनास अनि निर्माणबाट
म कहाली नै कहालीबाट उठेँ
म मानवीय सुनामीबाट उठेँ

उठेँ पहाडमा जमिनझैं, समुद्रमा टापुझैँ
मानव मनमा साहस र दृढताझैँ
सिर्जना र उत्साहझैँ

सम्झन चाहँ, अहँ, म सम्झन चाहँ
तर बिर्सन पनि त सक्दिनँ

## चोक र आकाश

चोक र आकाशको मित्रता
मिठो थियो
भुइँचालो आए पनि नाच्थे उनीहरु
अँगालो खोलेर बस्थ्यो चोक
आकाश घप्लक्क आउँथ्यो

चोक र आकाशको मित्रता
भन्नुको थियो
अचानक एउटा घर चुलियो चोकको
आकाश तल ओर्लन सकेन

अचानक एउटा घर खुम्चियो चोकको
आकाश फर्केर माथि जान सकेन
भाँचिएका, नमिलेका, नभएका दाँत जस्ता
जब भए घरहरु
चोक क्वाँ क्वाँ रुन थाल्यो
आकाश पनि दु:खी भयो

घरहरु बसे एउटै प्रतीक्षामा
भुइँचालो पर्खन र विनास हुन

के हामी
यी घरहरुलाई फेरि खुसी बनाउन सक्दैनौँ ?
हामी मानिसहरु ??
मलाई लाग्छ चाह्यौँ भने सक्छौँ ।



सृजनशील यात्रीहरु किरण मानन्धर र मञ्जुल प्रयोगशील सहकार्यमा
नगरकोट, २०६७ माघ ५

## भुइँचालो

*जसले जमिनमा*
*होचा अग्ला पहाडहरू बनायो*
*जसले समुद्रमा*
*राम्रा सुन्दर टापुहरू बनायो*

*म त्यसलाई*
*नराम्रो मात्र कसरी भन्न सक्छु ?*

*मलाई पहाड चाहिन्छ*
*उक्लन ओर्लन*
*तिम्रो शरीरमा संवेग खेले जस्तो*

*मलाई टापुहरू चाहिन्छ*
*समुद्रको विशालता हेर्न*
*मायाले कसैलाई पहिलोपल्ट छोए जस्तो*

*म अर्को भुइँचालोको पक्षमा छु*
*हा ! हा ! हा !*

*मानिसले विनाशबाट मुक्त हुन खोज्नु*
*मानिस नहुन खोज्नु हो*

*जीवन स्वीकार्नु*
*मृत्यु नस्वीकार्नु जस्तै हो*
*असम्भव !*

*म अर्को भुइँचालोको पक्षमा छु ।*

**४:४५ बजे बिहान माघ ५ गते २०६७**
**नगरकोट**

## भुइँचालोकविता

*चित्रकार !*
*तिमीले बनायौ चित्र*
*क्यानभासमा रङहरूले, कूचीले*

*कवि !*
*तिमीले बनायौ चित्र*
*कापीमा*
*कलम र मसीले*

*मैले पनि बनाएँ चित्र*
*कम्पनले*
*विनाशले भन या निर्माणले*

*माटोलाई माटो*
*पानीलाई पानी*
*प्रकाशलाई प्रकाश*
*बतासलाई बतास*
*र आकाशलाई आकाशमा बनाएर*

*मैले पनि रचेँ*
*एउटा नयाँ कविता ।*

**माघ ४ गते २०६७**
**नगरकोट**

**मञ्जुल**
कवि



सातदोबाटो, ललितपुर
फोन नं.: ५५५१३६८, मोबाइल: ९८५१०५१३६८
इमेल: manjul.nepal@gmail.com

## शाश्वत प्रेम

आजकाल म तिम्रो सामीप्यमा
एउटै किताबको पुनः संस्करण जस्तो
उही प्रेमको हार्दिकता, स्निग्धता, शीतलता
अनुभव गर्न थालेको छु
उमेरसँगै सबै ओइलाउनुपर्ने हो
उमेरसँगै सबै विश्राम गरिनुपर्ने
समापन हुनुपर्ने
तर उमेरलाई छलेर
मौसममा आएको परिवर्तन जस्तो
नफुल्नुपर्ने मौसममा
आजकाल किन फूल फुल्ने गर्छ ?
फल फल्ने गर्छ ?
मौसमलाई बिर्सिएर
उमेरलाई छिर्के हानेर, ढलाएर
सत्तरी वर्ष सत्र वर्ष भएर
मधुमास मुस्काउने गर्छ
यत्रतत्र परागको पीयूष वर्षा
अभिनवन हुँदै
प्रभवको प्रकम्पन
आलोडित विलोडित हुँदै
निर्झर प्रपातित हुँदै झर्झराउँछ
पृथ्वीको कोखमा
एउटा विद्युतीय सञ्चार
वृक्षहरुमा एउटा कम्पन
पखेटाको झन्झनावटसँगै
विहग गुँडबाट फुत्त बाहिर निस्कन्छ
एउटा विरचित हलुका शरीर
पीडाको पाप्रो उप्किएर,
दूधमा फिटिएको मह
मीठो भएको स्वाद
सितारका झलाहरुमा झंकृत हुँदै
उत्थित नादको प्रेम

यसरी प्रेमको शाश्वत सत्यलाई
न उमेरले ढाल्न सक्दो रहेछ
न मौसमले परिवर्तन गर्दोरहेछ
जुन उमेरमा फुले पनि
प्रेम त प्रेम भएर फुल्दो रहेछ ।

## मित्रताभित्रको त्रास ?

कस्तो धरातलमा तिमी उभिएका छौ ?
तिमीसँगको साहचार्य, मित्रता, प्रेमको प्रगाढता
एउटा जोखिम
एउटा त्रास
एउटा कम्पन भएर
मुटुको थर्थराहट
एउटा संघात
एउटा संक्षोभ ?
शरीर काँप्न थाल्नु
धरोहर ढल्न थाल्नु
पहाड पग्लन थाल्नु
जमिन धाँजा धाँजामा चिराचिरा पर्नु
तैपनि किन तिमीबाट



सृजनकार्यमा मग्न यात्री
नगरकोट, २०६७ माघ ५

म अलग हुन सक्दिनँ
हामी बालसखा
उमेरसँगै बढ्दै गएको प्रेम
हामीले पहिलो पाइला टेकेको जमिन
एउटै हो
हामीले धुन्मुनाउँदै हिँडेको
खेलेको माटो एउटै हो
एकातिर समुद्र अर्कोतिर हिमालय
तिमी वरवर आउँदा
म तिमीलाई छुन जाँदा
प्रेमको प्रगाढता
आलिङ्गनमा बाँधिन खोज्दा
किन यो कम्पित हुन्छ ?
किन भूकम्प भएर यो हल्लन थाल्छ ?
किन भूइँचालोको कोलाहल गुञ्जन थाल्छ
समुद्रको सतहले धकेलिएर
मैले बलियो पहाडको आड खोज्दा
किन यो थर्थराउँछ ?
के यो छुवाछुतको कम्पन ?
धर्म, ऊँचनीचको थर्कन ?
एउटै मृदुल स्पन्दनको सुवासभित्र
किन विषालु ग्यासको गन्ध
एउटै स्पन्दनको धड्कनको छन्छन्मा
किन व्योम नै आच्छादित हुने गन्गन्
किन आगो सल्कने दन्दन्
नकारात्मक संस्कारको
डोरी कसाइको यो फन्फन्मा
तकिन सुर्केनी भएर

विषालु साँप भएर
फणा उठाउँदैछ झन्झन्
समुद्रको विशाल स्पन्दनले धकेलिँदा
सर्दैसर्दै तिमीतिर पुग्दा
यो विपरित लिङ्ग
यो प्राकृतिक आकर्षण
भित्रको ताता धारहरुमा
आलोडन, विलोडन
यो कुनै जलतरङ्गको अनुनादक ध्वनि
यो कुनै सङ्गीतको प्रतिध्वनि
यो कुनै स्पन्दनबाट स्फुरित
कोमल, कम्पित, स्मित फूलबाट
हावामा छरिएको पराग
र सधैं भूकम्पका त्रासले लखेटिएर
जोखिम भूमरीको रिंगटामा रिंगटिएर
अनिश्चित भविष्यको कम्पनले कम्पिएर
किन त्रासले लखेटिइरहुँ ?
सुरक्षाको ताल्चा, साँचोको बन्दोबस्त गरेर
ढुक्क भएर
किन सामनाको लागि तयार नहोऊँ ?
विज्ञानका उपकरणले परिवेष्ठित भएर
तिम्रो रीसको कम्पनलाई
निकास दिएर
किन मत्थर नपारूँ ?
सीप र कौशल
आफ्नै हातमा राखेर
आफैभित्रको शक्ति
किन बुझ्ने कोशिश नगरूँ ?

**डा. बेन्जु शर्मा**
प्राज्ञ
नेपाल प्रज्ञा प्रतिष्ठान
मालीगाउँ, का.म.न.पा. ५
फोन नं. ४४३१९२४, मोबाइल: ९८७२१४०६१२६
इमेल: benju_sharma@yahoo.com



# भूकम्प

इन्जिनियरसाव !
मनको भूकम्पका लागि त
कवि, कलाकार नै
चाहिने रहेछ नि !



सृजनाको धक्का महसूस गर्दै
नगरकोट, २०६७ माघ ५

## विमल निभा

कवि/व्यंग्यकार



चागल, डल्लु, काठमाडौं
फोन नं.: ४२७८१२७, मोबाइल: ९८४१७६९१४८

# अस्तित्वको माया

उभिएको छु म
भुइँचालो पछि
आफ्नै ठाउँमा,
तर चिन्न परिरहेछ गाह्रो
गर्न सकिरहेको छैन पहिचान
आँखाले
दिलले
दिमागले,
कहाँ छु म ?

बनेको छ बामपुड्के
शिर गुमाएर धरहरा,
भित्ता मात्र बाँकी रहेर
पातलो भएको छ विशाल मन्दिर,
माटोमा मिलेका छन् गजुरहरू
नेप्टिएको छ झ्याल
र थेप्चिएको छ ढोका,
गुमाएर चिनारी
श्रीहीन बनेका छन्
पुर्खाले बनाएका,
चलाएका,
उपभोग गरेका र
हामी हुर्केका भवनहरू,

बेग्लै महसूस हुँदैछ
समग्र परिवेश,
एउटा अनौठो
अपरिचित
डरलाग्दो दुनियाँ बनेर ।

भो, अति भो,
बन्द गर अब
अक्षरहरू माथिको आक्रमण,
नल्याऊ शब्दहरूमा भुईंचालो
हिज्जे र वर्णविन्यासका नाममा,

ननिम्त्याऊ विनाशकारी भूकम्प
पुर्खाले सिर्जेका
र हाम्रो मन-मस्तिष्क हुर्केका
रचनाहरूमा,
तिनको परम्परामा,
नबनाऊ बिरानो
दम्भी तर्क र
अहंकारी विद्वत्ताको
प्रलयंकारी कम्पन निम्त्याएर,
मेरो आफ्नो शब्द-नगरलाई
मेरो भाषालाई
मेरो संसारलाई ।

नगरकोट
२०६७ माघ ५ गते

शरच्चन्द्र वस्ती
पत्रकार/भाषाविद



विशाल नगर, काठमाडौं
मोबाइल: ९८५१०१९६८८
इमेल: wasti_sc@yahoo.com

# चुपचाप ! चुपचाप ! हिंडेका बाटाहरू

चुपचाप ! चुपचाप !
हाम्रा मनहरूबाट हिंडेका बाटाहरू
घनावस्तीमा पुग्दा हामीबाटै हराएछन् ।

आधुनिक अग्ला घरहरूमा
पुराना घरहरूमा
साँगुरा गल्लीहरूमा
हामीले हाम्रै मनका बाटाहरूलाई खोजिरह्यौं

पदचापहरूसँगै
हजारौं प्रश्नहरूले समातिएर फुत्कनै नसक्ने
भइरह्यौं

भविष्यको कम्पनमा
जीवनहरू थरमराएका कहालिलाग्दो अवस्थामा
कतै फुत्कनै नसक्ने साङ्लाईँ जेलिएका बाटाहरूमा
हामी एकनाससे टोलाइरह्यौं

चोकचोकमा चियाउन आउने
जताततै छरिएका
झिना आशाले समातिएका
जीवन गतिमा ठिङ्ग उभिएका
दृष्टिझ्यालबाट चियाइरहेका प्रकाशका
हातहरूलाई
एकनासले हेरिरह्यौं

चुपचाप ! चुपचाप !
हाम्रा मनबाट हिंडेका बाटाहरू
यहीँकतै अलमलिए छन् - यो देखेर हामी
टोलाइरह्यौं, टोलाइरह्यौं

२०६७ माघ ४
बेलुका ९:४५, नगरकोट



सृजनाको रसास्वादन गर्दै
नगरकोट, २०६७ माघ ५

**सुस्मिता नेपाल**

कवि/उपन्यासकार



सातदोबाटो, ललितपुर
फोन नं.: ५५५१३६८, मोबाइल: ९८४१२५५५३५
इमेल: susmita.nepal@gmail.com

# भरोसा

गोधुली भरिएको साँझमा
पुराना मन्दिर छेउ बलिरहने मधुर उज्यालोको हारमा
मात्रै तिमीलाई संभिएँ भने
यो शहरको सबभन्दा सुखी मान्छे हुने छु म

यो मन्दिरको गजुरमा
पोखिएको छ प्रेमको प्रकाश
साँझको उज्यालोमा झ्यालबाट हेरिरहेकी छे - कुमारी
ढुङ्गा ढुङ्गामा कुँदिएको विश्वासको रेखा
निर्विध्न उभिएको सालिक र
देवीको दर्शनमा लामबद्ध मूर्तिहरू

पेटीमा आधुनिक समयको दोहोरीलत्तै मानिसहरू छन्
स्लेटको भुईंमा हात्तीछाप चप्पल पड्काउँदै
झ्याम्टा र खैँको तालमा नाचिरहेको आदिवासी
बोकेर हिडिरहेछ परम्पराको खर्पन
यी पुराना मन्दिर अगाडि
युगौंदेखि सालिकहरू
विश्वास बोकेर उभिएका छन् ।

सायद देवलका यी कलात्मक आकृतिहरू
ती सुखी कालिगढले बनाएका हुन्
तिमीले दिएको जस्तै
विश्वासको माया पाउनेहरूले


शहरमा भूकम्पीय जोखिम अनुभूत गर्दै
जमलदेखि बसन्तपुरसम्मको यात्रा, २०६७ माघ ४

**नारायण श्रेष्ठ**



कवि/पत्रकार

गोरखा (हाल पाटन)
मोबाइल: ९८४१२७५६३०
इमेल: thenarayan@gmail.com

# सौन्दर्य

ए ! भुइँचालाहरु !
पाइँदैन
ध्वस्त पार्न
यति सुन्दर शहरलाई

यहाँ हिमाल छन्
पहाड छन्
आकाश छन्
कन्दरा छन्



सृजनाको धक्का महसूस गर्दै
नगरकोट, २०६७ माघ ५

तिमीले कतिपल्ट ध्वस्त पारिसक्यौ
तर अझै पनि जीवित छन्
यो धर्तीका सौन्दर्यहरु
मेरो नजरमा सजिएका
यी सौन्दर्यहरु

तिमीले कदापि मेट्न सक्ने छैनौ
यिनलाई
मेरो जिन्दगीबाट

म सौन्दर्यको पुजारी हुँ
सदासर्वदा मेरो हृदयभरि
मस्तिष्कभरि
आँखाभरि
अटल, अमर रहिरहने छन्
मेरो मरणोपरान्त पनि

नगरकोट
२०६७ माघ ५

## कर्ण प्रसाद मास्के



प्राज्ञ
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

सिताभवन, नक्साल, काठमाडौं
फोन नं.: ४४११७२९, ४४२१२०६, मोवाइल: ९८५१०६११०९

# प्रकृति आफैं मात्तिदा



गम्भीर चिन्तनमा मग्न यात्रीद्वय
नगरकोट, २०६७ माघ ५

कूची चलाउनेहरू
रङ्ग पोत्दैछन् - क्यानभासहरूमा
कविता कोर्नेहरू
शब्द संयोजन गर्दैछन् कापिहरूमा
हिमालय श्रृङ्खलालाई साक्षी राखेर
सूर्योदयसँगै नशालु रातलाई
विस्मृतिमा राखेर
धङ्धङ्गीमै उनीहरू
पृथ्वीका गर्भ छिचोल्दैछन्
करोडौं करोड पुराना
चट्टानका पत्रहरू खोतलेर आख्यानहरूमा
इतिहास पस्किदैछन्
पाका कवि, कलाकार, साहित्यअनुरागीहरू
गृहकार्यमा जुटेका छन्
कम्पनहरू
तिनका प्रभाव र असरहरू
कलामा उतार्ने चेष्टा भैरहेको छ
कस्तो स्पन्दन ?
कम्पनका उत्तर खोज्दा खोज्दै
रातको धङ्धङ्गीमै
उनीहरूले थाहा पाए
हिमाल उचालिनुका पछाडि
कम्पनकै करामत रहेछ
प्रकृति आफै मात्तिदा कम्पन हुँदोरहेछ ।

**विश्वमणि पोखरेल**

पत्रकार
नागरिक दैनिक



भक्तपुर, कटुन्जे
मोबाइल: ९८५११२२८३५
इमेल: biswomani@gmail.com

# व्यर्थको दन्तबझान

नगरकोटको जाडोमा, नीरवताको गीत पछि
शरीर लस्त भयो निदाउन खोजें
दिनभरको आवेग, मित्र-सानिध्यको न्यानोपन
रापिलो भयो शरीर

हल्का सुने बाहिर, नगरकोटको नीरवता चिर्दै
दुई पुरूष बोल्दै थिए, आवेशमै थिए

एउटा थियो गजधम्म परेको, सम्पूर्ण सेतो,
तल्लो पोशाक भने हरियो, पहेंलो, रातो आदि
रङ्गको अपूर्व मिश्रण

अर्को थियो लिखिरे बाँस जस्तो लाम्चो,
शिर र टोपी फरक गर्न नसकिने

दन्त बझान गर्दै थिए -

इतिहास मेट्छु - एउटा भन्थ्यो
वर्तमान फुँटाउछु - भन्थ्यो अर्को
इतिहासले हामीलाई कङ्गाल बनायो - पहिलो
जोड्नलाई फोड्न पर्छ भन्थ्यो-अर्को

फत फत चलिरह्यो
सिङ्गै जोवन त गयो यस्तै हातलागे शून्य झगडामा
अब यो नीरव रात पनि किन व्यर्थ फाल्नूँ म ?
मनमनै भन्दैरहें, अल्छी मान्दै गम्दैरहें, आँखा
चिम्ले
विस्तारै उज्यालो भएजस्तो भो......
झिसमिसेमा वरिपरि देखिन पो लागेको हो कि?
लिखिरे त डरलाग्दो रहेछ - शिर पनि छैन,
पाऊ पनि छैन, शरीर देखिंदैन
उपस्थितिको भानमात्र छ,
नसुनिने आवाजमा उसको स्थिरताको, र
उसैबाट सम्प्रदत्त गतिजन्य कोलाहलमा
लिखिरे छ तर अडिग
गजधम्मे त झन् अचम्मको थियो -

शिरको टोपी कालो-कुरूप, मुख अलि बाँङ्गो,
मुहार भने सुन्दर
शरीरका अन्य भाग लाम्चिला, च्याप्टिला,
बाँङ्गा-टिँङ्गा
बसेको भनूँ भने उठे जस्तो, उठेको भनूँ भने
अडेस लगाएको
जोरहात सँगै फिँजाए जस्तो
रंगीचंगी लुगा लगाएको, फरिया हो की कछाड

दन्त बझानमा थिए दुवै

तँ निराकार, टाउको छैन, खुट्टो छैन, शरीर छैन
तैपनि मसँग जोरी खोज्छस्
मलाई हेर र म साकार, व्यापक, गगन-चुम्बी
- गजधम्मेले भन्यो ।

पृथ्वीलाई फन्फन्ती रिङ्याउने म,
तँ मलाई सानो भन्ने?
विषुवत मैले बनाएँ, कर्कट मैले बनाएँ,
तँलाई नै बनाएँ, अनि मै निराकारी ?
लिखिरे भन्दै गयो -
मेरा दुई टाउका छन्, तर शरीर अदृश्य छ
त्यही अदृश्यतामा बसी तँ दृश्य भएको छस्
तेरो अस्तित्व मेरो खेलमा छ,
म न भए तँ खत्तम् ।

अर्को भन्छ -
हेर मेरो जलसेचनले धान्दछ जीवन
काखमा बसेका खरबौं नर-नारीको
पाखुरी चलाउँछन्, नङ्ग्रा खियाउँछन्
ऊर्जा लिई मबाट
राखी शान्ति मनमा र हृदयमा वसुधैव कुटुम्बकम्
र
तेरो शरीर साम्राज्यमा कि कठ्याँग्रिनु पर्ने
कि पोलिनु पर्ने



कलाकार रविन कोइराला र कूचीमा अभ्यासरत एनसेटका कार्यकारी निर्देशक तथा उपकार्यकारी निर्देशक
नगरकोट, २०६७ माघ ५

बिचरा ती सेता भालुका छाऊराहरू आँङ कन्याउने
अडेस त नपाई लड्छन्, र तिनका आमाहरू
आफ्ना सन्तानलाई भन्छन् - जाऊँ बरू
हिमालमा ।
मेरो शक्ति हेर् र तँ घुमाउँछु भन्छस्,
म पृथ्वीको गति रोक्छु आफ्नो ऊँचाइले
तेरो भने अदृश्य टाउको पनि चिसो र निर्जीव
शरीर तापमा उम्लेको
तेरो शरीर फुटी निस्केका फोहोर समेत
तह लाउने जिम्मा मेरो ।

प्रत्युत्तरमा लिखुरे भन्छ -
तेरो उत्पत्ति संहारमा भयो, तेरो प्रत्येक गतिमा
मृत्यु छ
आफ्नो शक्तिले बढेको होइनस् तँ
बढ्न तँलाई भूकम्प चाहिन्छ,
तेरो उचाइ मानव संहार माथि अडेको छ
तँ त्याज्य होस्
मैले पृथ्वी घुमाउन छाडे भने निश्चित तँ सखाप
र
मैले शासन छाडें भने हिमाल खत्तम, नेपाल
खत्तम, नेपाली खत्तम

दन्त बभ्रनमा जोश बढ्दै गयो,
पृथ्वी घुम्न छाड्ने हो कि भन्ने डर लाग्यो,
हिमाल उठ्न छोड्न् हो कि भन्ने पीर पर्‍यो
आन्द्राले छुत्ति खेले, तिघ्रा कामे
र मुटुको ढुक्-ढुकी बढ्यो बेस्सरी

भुसुक्क निदाएको रहेछु, ब्यूँझदा पसिनाले
निथ्रुक्क भएछु

आँखा मिच्दै हेर्छु -

बोल्ने र भन्ने त लिखुरे र गजधम्मे रहेछन्
पृथ्वीको अक्ष र हाम्रै हिमाल
सपनामा पृथ्वीको अक्ष र हिमालको चुचुरोको
जोशपूर्ण वार्तालाप देख्न पुगेछु

अक्षको भनाइमा त सत्यता छ नि
उसले घुमाउन सक्छ पृथ्वीलाई
ऊ बलवान छ

हिमाल पनि सत्यमा अडेको छ
पृथ्वीको घुमाइलाई रोक्न त सक्छ ऊ
र जीवन दिएकै छ, पालेकै छ
आफ्ना छोरा छोरीलाई मायाले

तर भूकम्प र हिमालको सम्बन्धबारे
अक्षलाई थाहा रहेनछ
हिमाल भूकम्प ल्याउने हो तर
विनाश ल्याउने होइन
यो तथ्य थाहा पाए, सके अक्षले समर्पण गर्थ्यो
होला हिमाल सामु

**आमोदमणि दीक्षित**

कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: adixit@nset.org.np; amod.dixit@gmail.com, वेब साइट: www.nset.org.np



# एक निमेष

सपनाका महलहरू त कति भत्किए भत्किए
चित्त बुझाइयो, सपनै त होनि भनेर
पसिनका थोपा थोपा सँगालेर बनाएको
विपनाको यो सानो घर
के होला,
यदि एक निमेषमै भग्नावशेष भयो भने ।

जीवनमा पहिलो पटक तलब थापेको दिन
बाबुलाई एउटा गलबन्दी र आमालाई पछ्यौरी
किनेर
बजारबाट फुर्तिसाथ फर्किएको छोरो
घर पुगी कोशेली बाँडेर
बाबुआमाको मुहारमा
खुशीका रेखाहरू नाचेको देख्न नपाउँदै
के होला,
यदि एक निमेषमै सबै भग्नावशेष भयो
भने ।



सृजना गर्दै र एकआपसमा अनुभूति बाड्दै
नगरकोट, २०६७ माघ ५

भविष्यका दा भिन्ची र पिकासोहरूले
मोनालिसा वा गुएर्निका जस्तै
कालजयी चित्र कोर्दाकोर्दै
क्यान्भास्मा आफ्नो कुचीको
अन्तिम स्पर्श दिन नभ्याउँदै
के होला,
यदि एक निमेषमै सबै भग्नावशेष भयो
भने ।
भरखर भरखर जीवनको रङ्ग देख्न थालेका
कुनै किशोर किशोरीले
डराउँदै डराउँदै, लजाउँदै लजाउँदै
पहिलो पटक एकान्तमा भेट गर्दा
अनेकौं कुराहरू मनभित्र भए पनि
ओठले केही बोल्न नसकी
दुई जोडी आँखाहरूले मात्र बोलिरहेका बेला
के होला,

यदि एक निमेषमै सबै भग्नावशेष भयो भने ।

रातको सन्नाटालाई चिर्दै
यस धरामा नयाँ मानवलाई अवतरण गराउन
प्रसव वेदनामा आमाहरू छट्पटाई रहेका बेला
के होला,
यदि एक निमेषमै सबै भग्नावशेष भयो भने ।

२०६७ माघ ५ गते बुधबार
नगरकोट

**श्रीरामसिंह बस्नेत**
बोर्ड सदस्य
राष्ट्रिय समाचार समिति (रासस)
बोर्ड सदस्य
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

वनस्थली, बालाजु
मोबाइलः ९८५१०११७५



# मेरो काठमाडौं मेरो आव्हान

साँघुरा गल्लीहरूका छेउमा ठडिएका घरहरू
कुनै अग्ला, कुनै होचा ,कुनै पुरातन त कुनै आधुनिक
अस्तव्यस्त ढल निकास र गुजुल्टिएका विजुली र टेलिफोनका तारहरू
लाग्छ काठमाडौं एउटा कुरूप अनुहार भित्र मुस्कुराउन खोजिरहेछ
पूरै कंक्रिटको जंगल भित्र कतै हरियाली छैन
कतै खुल्ला स्थान छैन
म श्वास फेर्न खोज्छु तर अक्सिजनको अभावमा निसासिरहेछु
म यात्रा गर्न खोज्छु सवारी आवागमनको पीडाले पिल्सिरहेछु
मन भित्र अनेकौं पीडाले छट्पटाउँदा म कुनै शान्त र सुन्दर ठाउँको खोजीमा भौतारिन्छु
तर कतै एकान्त र हरियाली पार्क भेट्न सक्दिन



यात्रामा सहभागी विनय चरण श्रेष्ठ, रामेश्वर दंगाल लगायत अन्य सृजनाको रसास्वादन गर्दै
नगरकोट, २०६७ माघ ५

म विद्यार्थी छँदा बदाम र सुन्तला खाँदै
पारिलो घाममा दिन विताउने रत्नपार्क आज
कुरूप र अस्तव्यस्त भैसकेको छ ।
मैले केटाकेटीमा डण्डीवियो र कपर्दी खेल्ने
खुल्ला चौरहरू
गगनचुम्बी घरहरूले ढाकिएका छन्
काठमाडौंको यो अवस्था देखेर म स्तब्ध छु
यो काठमाडौं आफ्नो विकास गर्दैछ वा आफ्नो विनाश निम्ताउँदैछ, म दुविधामा छु, म स्तब्ध छु

म मनमनै गम्छु के अव काठमाडौं आफ्नो
पुनर्निर्माण गर्न अर्को महाभूकम्प आउनै पर्छ

तर म भन्छु काठमाडौलाई अर्को हाइटी हुन दिनु हुन्न

हामी सबै मिल्यो भने यसलाई चिलो बनाउन सकिन्छ

तसर्थ आउनुहोस हामी सबै मिलेर प्रण गरौं
भवनसंहिताको प्रयोग गरौं र काठमाडौंलाई
विनाशबाट बचाऔं ।

**रामेश्वर दंगाल**
उपसचिव
गृह मन्त्रालय
मोबाइलः ९८४१३६४००९



# भूकम्प

टेथिस सागरको पिँध उर्लिएर सगरमाथा बनेछ
दूई विशाल भूखण्डहरूको बीच नेपाल बसेछ
यी भूखण्डहरू एक अर्का भित्र घुस्दारहेछन्
भूगर्भमा विशाल ध्वंसकारी उर्जा भर्दारहेछन्

भूगर्भले यो विनासकारी उर्जा थेग्न नसकी
बाहिर निस्कदा हुनेरहेछ भूकम्प अवश्यम्भावी
भविष्यवाणी गर्न ग्रहदशा नक्षत्र यो मान्दैन
यकिनकासाथ किटानी गर्न विज्ञान जान्दैन

पुराना सवलीकरण, गरौँ नवनिर्माण प्रतिरोधी
भुइँचालो अघि अनि पछिका लागि पूर्वतयारी
तीन कार्य गर्न सके डराउन पर्दैन रत्ति भर

मूल मन्त्र सुरक्षाको यही हो फैलाऔ देसभर

गर्भमा संचित उर्जा निस्कने बाटो रोज्दै छ
सगरमाथाले शायद अझ अग्लो बन्नुपर्ने छ
उदाउने तयारीमा अस्ताउन लागेको सुरज
विनासको संघारमा पूर्वतयारीको तवविज

कहालीलाग्दो कम्पनमा साहसको मल्हम दल्न
भूकम्पको कम्पनमा संगीतको झंकार भर्न
भग्नावशेषको बदला इन्द्रेणी रंग दल्न
सिकाइदिनुहोस हामीलाई नेपाली मन बदल्न
सिकाइदिनुहोस हामीलाई नेपाली मन बदल्न



भूकम्प अनुभूत गर्दै
श्री बैठक कक्ष, एनसेट कार्यालय, भैंसेपाटी, २०६७ माघ ४

# भुइँचालो

आयो ! आयो ! भुइँचालो
घर जमिन हल्लायो
मन सबको डरायो
भागम् भाग मच्चायो
बाटो छिचोल्न नसकी
धेरै लडे ढुन्मुन्निई

आयो ! आयो ! भुइँचालो
घर जमिन हल्लायो
दुबै बुढी औंलाले
भुईं थिचिन् आमाले
मुल थाम अँगाली
मेरो भने बाबाले

आयो ! आयो ! भुइँचालो
घर जमिन हल्लायो
धुलो खस्दा छतको
भुइँमा नपर्दै मुठ्याए
बुटी बनाइ त्यसैको
बाहु गला सजाए

आयो ! आयो ! भुइँचालो
घर जमीन हल्लायो
माटो कोतरी मजेरी
फाल्न लागिन् बहिनी
हजुरआमा भण्डारमा
अन्न अर्छिन मानमा

आयो ! आयो ! भुइँचालो
घर जमिन हल्लायो
धुँडा टेकी गुडुल्की
ओत लागी समातौं
धरती कामी रहुन्जेल
यहि रीति बसालौं ।



सृजनाको प्रस्तुति सत्रमा आनन्दविभोर यात्रीहरु
नगरकोट, २०६७ माघ ५

## विजयकृष्ण उपाध्याय

भूकम्प प्रविधि तालिम विशेषज्ञ
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)



सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: bupadhyay@nset.org.np, वेब साइट: www.nset.org.np

# भूकम्प गीत




सृजनाको प्रस्तुतिमा मग्न कवि मञ्जुल
नगरकोट, २०६७ माघ ५



कवि र कलाकारबीचको भाइचारा
नगरकोट, २०६७ माघ ५

भूकम्पले दिने पीडा यति सारो हुन्छ
आँखा चिम्ली हेर्दा पनि हेर्न गारो हुन्छ
भूकम्पले दिने पीडा अति सारो हुन्छ

न त चिन्छ धनी गरीब, न त ठूलो सानो
काल बन्न सक्छ हजूर घरको गारो सानो
विद्यालय, अस्पताल, घर वस्ती हाम्रा
कम्पन थेग्न बन्नुपर्छ, बलिया र राम्रा

जहाँ जहाँ कमजोरी छ, त्यही तारो हुन्छ
भूकम्पले दिने पीडा अति सारो हुन्छ

कैल्हेकाहीं यस्तो लाग्ला जे जे पर्ला पर्ला
जे जे गर्ला दैव गर्ला कि त त्यसै टर्ला
तर त्यसो हुँदै हैन, गर्न सक्छौ हामी
हैन भने अकालमा मर्न सक्छौ हामी

यसो सोचौं आफ्नो जीवन कति प्यारो हुन्छ
भूकम्पले दिने पीडा अति सारो हुन्छ
आँखा चिम्ली ........................

माघ ५, २०६७
नगरकोट

**खड्ग सेन ओली**

पैरवी तथा बाह्य सम्बन्ध प्रबन्धक
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: ksenoli@nset.org.np, khadgasenoli@gmail.com, वेब साइट: www.nset.org.np









# यात्राका खुड्किलाहरू

## दोस्रो चरणका झलकहरू

एनसेट कार्यालय, भैंसेपाटी, २०६८ पौष ९















सृजनशील यात्रामा सहभागी कलाकारहरुद्वारा एनसेट कार्यालयका लागि तयार पारिएको सामुहिक कला
एनसेट कार्यालय, भैंसेपाटी, २०६८ पौष ९

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)
National Society for Earthquake Technology-Nepal (NSET)
सैंबु गा.बि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर, पो.ब.नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np